
सडकमा यो के हो?

विद्यालय जाने बाटोमा तपाईंले सडकमा देख्ने सबै कुराहरूबारे जान्नुहोस्।

चालकहरूले साइकल लेनमा सवारी साधन रोक्नु वा पार्क गर्नु गैरकानुनी हो।

सडकमा साइकल चलाइरहेका मानिसहरूलाई ओभरटेक गर्दा (उछिन्दा) सवारी चालकहरूले कम्तीमा ४ फिटको "सुरक्षित पासिङ दूरी" कायम गर्नुपर्छ र दायाँतर्फबाट गइरहेका साइकलहरूलाई पहिलो प्राथमिकता दिनुपर्छ।

छिमेकका ट्राफिक सर्कलहरू
चौबाटोहरूमा सवारी साधनको गति कम गर्छन्। सर्कलको अगाडिबाट बायाँ मोड्न सकिन्छ। तपाईंले रोटरीमा जस्तै दायाँ गएर पूरै घुम्नुपर्ने आवश्यकता पर्दैन।



बस स्टपहरू सधैं खुला राख्नुहोस्। सबै यात्रुहरूका लागि पहुँचयोग्य हुन बस फुटपाथ छेउसम्मै सहज रूपमा आउन सक्ने हुनुपर्छ। बस स्टप अवरुद्ध गर्नाले ढिलाइ हुनुका साथै सुरक्षा जोखिम निम्तिन सक्छ।

सुरक्षित साइकल लेनहरू
यी लेनहरूले सडकमा साइकल चलाउने मानिसहरूका लागि छुट्टै स्थान प्रदान गर्छन्। स्पष्ट देखियोस् भन्नका लागि यी कहिलेकाहीँ हरियो रङले रंगाइएका हुन्छन् वा साइकल आवागमन र मोटर सवारी साधनको आवागमन (वा पार्क गरिएका कारहरू) बीच दूरी कायम गर्न "बफर" (खाली ठाउँ) राखिएका हुन्छन्।

सवारी साधनका लागि सडक एकतर्फी भए तापनि नेबरवेजले साइकल चलाउने मानिसहरूका लागि सधैं दुईतर्फी पहुँच प्रदान गर्नेछन्।

नेबरवेज पैदल र साइकलमैत्री आवासीय सडकहरू हुन्, जसलाई मानिसहरूले सर्टकटका रूपमा प्रयोग नगरून् भनी निरुत्साहित गर्न स्पिड हम्पहरू राखेर वा सडकको प्रवेशद्वार साँघुरो बनाएर सवारी साधनहरूको सङ्ख्या र गति घटाउन डिजाइन गरिएको हुन्छ।

विद्यालय जाने सुरक्षित मार्गहरूबारे थप जानकारी www.somerville.k12.ma.us/safe-routes-to-school/ मा प्राप्त गर्नुहोस्।

बाइक बक्स वा बायाँ-मोड बक्स तोकिएको पर्खने स्थान हो जसले चौबाटोहरूमा पर्खिरहँदा साइकल चालकहरूलाई सवारी चालकहरूको नजरमा स्पष्ट रूपमा देखिन मद्दत गर्छ र गाडी मोड्दा हुने जोखिमलाई कम गर्छ।

रातो बत्ती बलेको बेला, चालकहरू बक्सभन्दा अगाडिको सेतो रेखामा रोकिनुपर्छ। साइकल चलाउने मानिसहरू ट्राफिक लामको सबैभन्दा अगाडिसम्म जान सक्छन्।

विद्यालय बाहिर आफ्नो कारको इन्जिन बन्द गर्नुहोस्। इन्जिन चालु नै राख्नाले स्वास्थ्यका लागि हानिकारक वायु प्रदूषण निम्त्याउँछ, इन्धन खेर फाल्छ र थप आर्थिक भार बढाउँछ। यसमा कम्तीमा $१०० जरिवाना लाग्छ।

सडकका मोड तथा कुनाहरू खुला राख्नुहोस्। पैदलयात्री क्रसिङ नजिकै पार्क गरिएका सवारी साधनहरूले सडक पार गरिरहेका मानिसहरू देखिनमा बाधा पुऱ्याउन सक्छन्। स्थानीय, राज्य र संघीय कानुनहरूले पैदलयात्री क्रसिङभन्दा २० फिट अगाडि वा ट्राफिक बत्ती भएको चौबाटोभन्दा ३० फिट अगाडि सवारी साधन पार्क गर्न निषेध गरेका छन्।

सेयरोजले मोटर सवारी साधन र साइकल चालकहरूले वर्तमान लेन साझा रूपमा प्रयोग गर्छन् भन्ने संकेत गर्छ। साइकल चालकहरूले सडकको कुन भागमा चलाउनुपर्छ भनी देखाउन यी राखिएका हुन्छन्। यिनले तोकिएका साइकल मार्गहरू पनि देखाउँछन्, त्यसैले चालकहरू यी क्षेत्रहरूमा बढ्दो साइकल आवागमनप्रति सचेत हुनुपर्छ।

साइकल चलाउने मानिसहरूका लागि जुनसुकै बेला यात्रा लेनको बीच भागमा साइकल चलाउन कानुनी मान्यता छ। कहिलेकाहीँ यो बढी सुरक्षित विकल्प हुन्छ - उदाहरणका लागि, चालकहरूको नजरमा परिरहन वा साइकलका लागि कुनै पूर्वाधार नभएका स्थानहरूमा।

पैदलयात्री क्रसिङहरू यात्रा गरिरहेका मानिसहरूका लागि महत्त्वपूर्ण सम्पर्क बिन्दु हुन्। पैदलयात्री क्रसिङ रङ लगाइएको होस्, संकेत चिन्ह भएको होस् वा सडकभन्दा अग्लो बनाइएको होस्, सबै सवारी साधनहरूले पैदलयात्री क्रसिङमा हिँड्ने वा ह्वीलचेयर आदि साधन प्रयोग गर्ने मानिसहरूलाई पहिलो प्राथमिकता दिनुपर्छ।

यो जानकारी Español, Português, Kreyòl Ayisyen, 繁體中文, 简体中文 र नेपाली मा उपलब्ध छ। तपाईंलाई थप सहयोग आवश्यक परेमा कृपया 617-666-3311 मा फोन गर्नुहोस्। तपाईंको लागि दोभासे सेवा निःशुल्क उपलब्ध छ। यो जानकारी प्राप्त गर्न ADA सहुलियत आवश्यक पर्ने अपाङ्गता भएका व्यक्तिहरूले कृपया ADA संयोजकलाई ada@somervillema.gov मा इमेल गर्नुहोस्।